# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
# बिहुँकोट बागलुङ

## काठेखोला गाउँपालिकाको मिनी पावर टिलर (मिनी टिलर हलो) आपुर्ति र सूचिकृत गर्ने सम्बन्धी अत्यन्तै जरुरी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०७/०४

यस काठेखोला गाउँपालिकाका विभिन्न वडाहरुमा अनुदानमा तत्काल मिनी पावर टिलर (मिनी टिलर हलो) वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक सप्लायर्स वा फर्महरुबाट मिति २०७५/०७/११ गते भित्र आफुले आपुर्ति गर्न सक्ने मिनी टेलर हलोको मोडेल/डिजाईन, हर्ज पावर, कम्पनी, मूल्य तथा अन्य देहाय बमोजिमका बिबरणहरु खुल्ने गरि यस कार्यालयमा फर्म दर्ता तथा नविकरण, भ्याट दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी सहित सूचिकृत का लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- मिनी टिलर हलो खरिद गर्दा कम्पनी र हलोको वारेन्टी कम्तिमा ६ महिनाको उल्लेख हुनुपर्नेछ ।
- खरिद गर्ने मिनी टिलर हलो गेयर ड्राईभ वालालाई प्राथमिकता दिईनेछ ।
- सम्बन्धित हलोको तौल७५ के.जी. देखी ९० के.जी. सम्म हुनुपर्नेछ तथा उक्त मिनी टिलर हलो पेट्रोलवाट चल्ने हुनुपर्नेछ ।
- सम्बन्धित कम्पनीबाट कम्तीमा एक दिनको तालिम सम्बन्धित कार्यस्थलमा उपलब्ध गराउनुपर्नेछ ।

नि· प्रमुख प्रशासकीय अधिकृत

नि· प्रमुख प्रशासकीय अधिकृत

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बिहुँकोट बागलुङ

## काठेखोला गाउँपालिकाको मिनी पावर टिलर (मिनी टिलर हलो) वितरण सम्बन्धी अत्यन्तै जरुरी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०७/०४

आ.व. २०७५/०७६ को काठेखोला गाउँपालिकाको स्वीकृत कार्यक्रमबाट कृषकहरुका लागी मिनी पावर टिलर अनुदानमा वितरण गरिने कार्यक्रम रहेकोले मिति २०७५/०७/११ गते भित्र इच्छुक कृषि सहकारी वा कृषक समुहहरुबाट तपशिल बमोजिम मापदन्डका आधारमा यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- प्रत्येक वडाबाट बढीमा ४ वटा कृषि सहकारी वा कृषक समुहलाई सिफारिस गरि पठाउनु पर्नेछ ।
- छनौट भएको कृषि सहकारी, कृषक समुह वा अन्य समुहलाई सूचिकृत फर्मबाट मेशिन खरिद गरेपछि कार्यालयबाट ५०% ( ५००००/- भन्दा तलको मेशिन खरिद गरेमा खरिद मूल्यको ५०% अनुदान दिईने) अनुदान वा बढीमा रु २५०००/- (पच्चीस हजार) भुक्तानी गरिनेछ ।
- मिनी टिलर हलो खरिद गर्दा कम्पनी र हलोको वारेन्टी कम्तिमा ६ महिनाको उल्लेख हुनुपर्नेछ ।
- खरिद गर्ने मिनी टिलर हलो गेयर ड्राईभ वालालाई प्राथमिकता दिईनेछ ।
- सम्बन्धित हलोको तौल ७५ के.जी. देखी ९० के.जी. सम्म हुनुपर्ने तथा उक्त मिनी टिलर हलो पेट्रोलवाट चल्ने हुनुपर्नेछ ।
- सम्बन्धित कम्पनीबाट कम्तीमा एक दिनको तालिम सम्बन्धित कार्यस्थलमा उपलब्ध गराउनुपर्नेछ ।
- मिनी टेलर हलो छनौट गर्ने जिम्मा सम्बन्धित सहकारी वा समुहलाई दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत